# धन्यवाद

नेपाली समाजमा गरिबीबारे निकै चर्चा हुन्छ । यस विषयमा सञ्चारमा दिनहुँ केही आइरहेको हुन्छ । सरकारी नीतिका कुरा हुन् वा विकासे संस्थाका काम, गरिब र गरिबी उनीहरूको संवाद र कार्यसम्पादनको एउटा अभिन्न हिस्सा बनिसकेको छ । यद्यपि यस विषयमा सार्थक अध्ययन अनुसन्धानको अभावलाई २०६१ सालमा *नेपालमा गरिबीको बहस* सम्पादन गर्दा समेत हामीले औँल्याएका थियौँ । र अहिले सहरी गरिबी विषयको पुस्तक निकाल्ने क्रममा यो अभाव अझ बढी खट्किएको छ । यसका बाबजुद यस विषयमा लेख उपलब्ध गराउने सम्पूर्ण लेखकप्रति हामी आभारी छौँ ।

पुस्तक तयारीको क्रममा प्रत्यक्ष-परोक्ष सहयोग गर्ने सबैको नाम उल्लेख गर्न यहाँ सम्भव नभए पनि उहाँहरूलाई धन्यवाद छ । पुस्तकलाई आवश्यक स्रोत-सामग्री जुटाउन सहयोग गर्ने र सुझाव दिने लजना मानन्धर, अनुसन्धानकै लागि सहरी गरिबीको बकपत्र संकलन गर्न उत्कृष्ट सहयोग गर्ने तीर्थ विष्ट, स्रोत सामग्री खोज्न महत्त्वपूर्ण भूमिका खेल्ने चिरन मानन्धर र प्रभाकर गौतम, आवश्यक व्यवस्थापकीय सहयोग गर्न हरदम सहयोगी रहने विवेककुमार शाहलाई

धन्यवाद छ । अनुसन्धानकै क्रममा हामीले त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालय, लुमन्ती: आवासका लागि सहयोग समूह, सहरी विकास योजना, सामाजिक विकास तथा अनुसन्धान केन्द्रको पुस्तकालयबाट पाएको सहयोग उल्लेख्य रह्यो । साथै मार्टिन चौतारीको छलफल शृंखलाहरूमा सहरी गरिबीसँग प्रत्यक्ष वा परोक्ष रूपमा सरोकार हुने धेरै विषयमा पण्डित भएर आउने स्रोतव्यक्ति र सहभागीहरूले यस पुस्तकको विषयवस्तुलाई गहकिलो बनाउन महत्त्वपूर्ण दृष्टिकोण दिनुभएको छ । उहाँहरूप्रति कृतज्ञ छौं ।

आरम्भदेखि नै यस विषयमा पुस्तक निकाल्न पीताम्बर शर्माको महत्त्वपूर्ण सहयोग रह्यो । पुस्तकको खाका तयार गर्न, केही लेखकहरूलाई छनोट गर्न र अन्त्यमा पुस्तकको मस्यौदा पढी पुस्तकलाई गुणस्तरीय र प्रकाशनयोग्य बनाउन उहाँबाट बहुमूल्य सुझाव प्राप्त भयो । उहाँलाई विशेष धन्यवाद छ । साथै पुस्तकको विषयवस्तुमाथि विभिन्न समयमा सेरा तामाङसँग गरेको कुराकानी सहरी गरिबीका त्यस्ता कैयौं आयाम बुझ्न सहायक रहे जुन अन्यथा ओझेलमा पर्ने थिए । उहाँलाई धन्यवाद छ ।

देशमा चलिरहेको लोकतन्त्र र शान्ति स्थापनाको आन्दोलनले गर्दा यो पुस्तक निकाल्न आवश्यकभन्दा बढी समय लाग्यो । तथापि पुस्तकको विषयवस्तु र हाम्रो कार्यतालिकाप्रति सदैव उत्सुक रहेर हौसला दिइरहने प्रत्यूष वन्त र मार्टिन चौतारीका अन्य सहकर्मीहरूको सदाशयताले यसको प्रकाशन सम्भव भएको हो । उहाँहरू सबैलाई धन्यवाद छ । साथै अन्त्यमा पुस्तकको भाषिक शुद्धाशुद्ध हेर्न सहयोग पुऱ्याउने नेत्र आचार्य, शेखर पराजुली र देवराज हुमागाईंप्रति विशेष आभारी छौं ।

पुस्तक प्रकाशनका लागि आर्थिक सहयोग उपलब्ध गराउने नर्वेजियन चर्च एड (Norwegian Church Aid) ले अनुसन्धानको कार्यप्रति देखाएको लचकता र निरन्तरको सुझबुझप्रति हामी गुणग्राही छौं । यसका लागि विशेषत: पूर्व क्षेत्रीय प्रतिनिधि हेन्स हाइनर हेम र हाल उनको कार्यभार सम्हालेका जेन एजिल मोसेन्डप्रति हामी आभारी छौं ।